## प्रस्तवाहरु.

१। सडक बोर्ड नेपालको आ.व. २०८०/०८१ को बजेट स्वीकृति सम्बन्धमा ।
२। सबै वडाहरुको बत्ती बिजुली पोलमा विद्युतीय मिटर जडान सम्बन्धमा ।
३। गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४। गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र सम्बन्धमा।
५। अध्यक्षकोषबाट स्वीकृत योजना अनुमोदन सम्बन्धमा ।
६। विविध सम्बन्धमा ।

- खानेपानी प्रशोधन मेशिन जडान सम्बन्धमा ।
- वडा नं. ३ इन्द्रपुरको स्वर्गद्वारीटोलमा जेष्ठ नागरिक विश्राम कक्ष निर्माण सम्वन्धमा ।
- आर्थिक सहायता सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा सडक बोर्ड नेपाल को मिति: २०८०/०८/०१ गते चलानी नं. ४६८ को प्राप्त पत्रानुसार यस जानकी गाउँपालिका बाँकेलाई चालु आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि व.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०७९/०८/२८ को निर्णयानुसार रु.१६,००,०००/-(अक्षरेपी सोह लाख मात्र) बजेट स्वीकृत भएको र सो वजेट कार्यान्वयन गर्दा बोर्डको संलग्न सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मागदर्शन पालना गर्ने र बोर्डबाट विनियोजित बजेट र गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) बमोजिम व्यहोर्नुपर्ने २०% (बीस प्रतिशत) समपुरक कोष (Matching Fund) बराबरको रकम समेत समावेश गरी तपशिल बमोजिमको रोड तथा बाटो मर्मत २०८० माघ मसान्त भित्र वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने भनी निर्णय गरियो ।

तपशिल :

क. जानकी गाउँपालिका अन्तर्गत वडा नं. ६ गनापुरको शेखापुर देखि डिठ्ठापुर नहर सम्मको बाटो मर्मत ।

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ६ सम्मका सबै वडाहरुको बत्ती बिजुली पोलमा विद्युतीय मिटर जडान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति २०८०/०५/१८ गते बिहान ८:३० बजे बसेको बैठकको प्रस्ताव नं. ४ उपर यस

कार्यपालिका बैठकमा बृहत छलफल गरी उक्त प्रस्तावको निर्णयलाई यस कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.४</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा निर्माण व्यवसायीको रुपमा ठेक्कापट्टा गर्न 'घ' बर्गको इजाजत प्रमाणपत्र तपसिल बमोजिमको निर्माण ब्यवसायीहरुलाई दिने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

<u>तपशिल :</u>

- जय दुर्गा भवानी कन्स्ट्रक्सन,जानकी – ०२, बाँके ।

<u>प्रस्ताव नं.५</u> को बुँदा मा छलफल गर्दा जानकी गाउँपालिका अध्यक्ष विशेष कोष संचालन कार्यविधि, २०७९ अनुरुप मिति २०८०/०८/११ र १५ गते जानकी गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वयन व्यवस्थापन कार्य समितिको बसेको बैठकको तपशिलको योजनाहरु अध्यक्षकोषबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

- जानकी वडा नं. ३ को सडकमा मर्मत ।(रु.५०००००|०० भ्याट सहित)
- वडा नं. २ को शिव मन्दिर मर्मत बकोटिया गाउँ ।(रु.४५००००|०० भ्याट सहित)
- वडा नं. २ को बकोटिया गाउँ भित्र पिसीसी निर्माण ।(रु.१०००००|०० भ्याट सहित)
- वडा नं. १ को बढैयामा शिव मन्दिर मर्मत । (रु.२०००००|०० भ्याट सहित)
- वडा नं. ३ को रमवापुरको पशु हाट वजारमा माटो पटान तथा मर्मत । (रु.६९१७४|३६ भ्याट सहित)
- वडा नं. ६ डिठापुर चोक नहर देखि बुढिया गाउँ सम्मको नाली मर्मत तथा सफाई मिति : २०८०/०५/०९,१० र ११ गते कादेरी सप्लायर्सको भे. १ क २१७० नम्बरको जि.सी.बी. बाट १५ घण्टा भएको हुँदा प्रति घण्टाको रु.३,००० को दरले जम्मा रु.४५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।
- वडा नं. ५ को गोगे खाँको घर देखि मोहम्मद सलिम खाँ को घर सम्म र बाबु खाँको घर देखि काशीराम खटिकको घर सम्म पि सी सी गर्ने । (रु.१२०००००|०० भ्याट सहित)
- वडा नं. ६ गनापुरको कोठारपुरको खटिकटोलमा अन्दाजी ३५ मिटर पि सी सी बाटो निर्माण प्राविधिक इष्टिमेटको आधारमा ।

- वडा नं. ३ इन्द्रपुरको पिच बाटो देखि नहर बाटो हुँदै रमवापुर जानेबाटोमा माटोपटान,ग्राभिल अन्दाजी २०० मिटर तथा ह्युम पाइप जडान प्राविधिक इष्टिमेटको आधारमा ।

<u>प्रस्ताव नं.६</u> को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

- ईलाका प्रहरी कार्यालय, कोहलपुर बाँकेको पत्र संख्या : २०८०/०८१, मिति २०८०/०८/११ गते चलानी नं. ९२१ को प्राप्त पत्रानुसार उक्त कार्यालयले खानेपानी प्रशोधन मेशिन माग गरेकोमा उक्त कार्यालयलाई बढिमा ४० लिटर क्षमताको खानेपानी प्रशोधन मेशिन जडान गरिदिने निर्णय गरियो ।
- वडा नं. ३ इन्द्रपुरको स्वर्गद्वारीटोलमा जेष्ठ नागरिक विश्राम कक्ष निर्माणको लागि रु.५०,०००/-(अक्षरेपी पचास हजार मात्र) मर्मत कोषबाट दिने निर्णय गरियो ।
- नेपालगंज उपमहानगरपालिका वडा नं. १२ मा बस्ने तेज विक्रम शाहले यस जानकी गाउँपालिका अन्तर्गत वडा नं. ३ इन्द्रपुरमा दिएको नेपालगंज देखि भारतको दिल्ली सम्मको एकल श्रद्धाञ्जली साइकल यात्रा गर्ने सिफारिस तथा सहयोग पत्रको आधारमा उक्त तेज बिक्रम शाहलाई रु. २५,०००/-(अक्षरेपी पच्चीस हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।